# नेपाल राष्ट्र बैंक
## राष्ट्र ऋण व्यवस्थापन विभाग
थापाथली, काठमाडौंको

## बोलकवोल प्रक्रियाद्वारा विकास ऋणपत्र २०७२ निष्कासन गर्ने सम्बन्धी सूचना

श्री ५ को सरकारले राष्ट्र ऋण ऐन, २०५९ र राष्ट्र ऋण नियमावली, २०५९ र ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापन नियमावली, २०६१ अनुसार बोलकवोल प्रक्रियाद्वारा विकास ऋणपत्र २०७२ देहाय बमोजिमका शर्तहरु कायम गरी निष्कासन गर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. (क) ऋणपत्रको नाम :- विकास ऋणपत्र २०७२ (१०-वर्षे) ।
(ख) निष्कासन गरिने कुल रकम :- रु.७५.०० करोड (पचहत्तर करोड रुपैयाँ मात्र) ।
(ग) निर्धारित वार्षिक ब्याजदर (Coupon Rate):- ६.०० प्रतिशत (अङ्कित मूल्यमा अर्द्धवार्षिक रुपमा ब्याज भुक्तानी हुने तथा ब्याजकर लाग्ने) ।
(घ) बोलपत्र पेश गर्ने मिति :- २०६२ फाल्गुण १ गतेका दिन अपरान्ह ३:०० बजेभित्र ।
(ङ) निष्कासन हुने मिति :- २०६२ फाल्गुण ९ गते ।
(च) साँवा भुक्तानी हुने मिति :- २०७२ फाल्गुण ९ गते ।
(छ) धितो सम्बन्धी व्यवस्था :- यो ऋणपत्र धितो राखी कर्जा लिनदिन पाइने ।
(ज) खरिद गर्न सकिने रकम :- रु.२५,०००।- वा सो अङ्कले भागगर्दा नि:शेष हुने गरी निष्कासन हुने रकममा नबढाई ।
(झ) फारामको ढाँचा :- हाललाई ३६४-दिने ट्रेजरी बिलको बोलकवोल फारामको ढाँचा नै उपयोग गर्ने ।

२. यो ऋणपत्र खरिदका लागि व्यक्ति तथा संस्थाले बोलकबोल प्रक्रिया अन्तर्गत प्रतिस्पर्धी वा अप्रतिस्पर्धी (कुनै एकमा मात्र) बोलवालाको रुपमा भाग लिन सक्नेछन् । यस बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त "क", "ख" र "ग" वर्गका संस्थाहरुले अप्रतिस्पर्धी बोलवाला हुन पाउने छैनन् । निष्कासन हुने रकमको १५ प्रतिशत रकम अप्रतिस्पर्धी बोलवालालाई छुट्याइएको छ ।

३. प्रतिस्पर्धी बोलवालाले आफूले कति रकमको ऋणपत्र खरिद गर्न चाहेको हो त्यसको मूल्य र रकम बोलकवोल फाराममा उल्लेख गर्नु पर्नेछ । रकम उल्लेख गर्दा आफूले खरिद गर्न चाहेको ऋणपत्रको रकमको लागि एकसय रुपैयाँ अङ्कित मूल्य बराबर अर्द्धवार्षिक ब्याज भुक्तानी हुने आधारमा हाल बुझाउन चाहेको बोल मूल्य (Bid Price) दशमलव पछाडि चार अङ्कसम्म उल्लेख गर्नु पर्नेछ । अप्रतिस्पर्धी बोलवालाले आफूले खरिद गर्न चाहेको कुल रकम मात्र खुलाए पुग्नेछ । अप्रतिस्पर्धी बोलवालाहरुले स्वीकृत बोलकवोल मूल्यको भारित औसत बोल मूल्यमा आफूले खरिद गर्न कबुल गरेको रकम खरिद गर्नु पर्नेछ ।

४. यो ऋणपत्र खरिद गर्न यस विभाग तथा यस बैंकका उपत्यका बाहिरका सम्पूर्ण कार्यालयहरुमा माथि तोकिएको मिति र समय भित्र खामबन्दी गोप्य आवेदन पेश गर्नु पर्नेछ ।

५. बोलवालाले आफूले खरिद गर्न चाहेको अंकित मूल्यको २.५० प्रतिशतले हुने रकम यस बैंकको बैंकिङ्ग कार्यालय तथा बैंकका उपत्यका बाहिरका कार्यालयहरु स्थित सण्ड्री क्रेडिटर्स विकास ऋणपत्र (अर्नेष्टमनी) हिसावमा जम्मा गर्नु पर्नेछ । स्वीकृत बोलवालाहरुले मिति २०६२ फाल्गुण ९ गतेसम्म बैंकिङ्ग कारोवार समयभित्र विकास ऋणपत्र २०७२ हिसावमा बाँकी रकम जम्मा गर्नु पर्नेछ । उक्त समयभित्र आवश्यक रकम दाखिला नगरेमा अर्नेष्टमनी बापत जम्मा गरेको रकम जफत हुनेछ ।

६. यस ऋणपत्रको दोस्रो बजार कारोवार धितोपत्र बजार मार्फत हुनेछ ।

७. बोलकबोल फाराम रु.१०/- बुझाई यस विभाग तथा उपत्यका बाहिरका यस बैंकका कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ । जम्मा गरेको अर्नेष्टमनीको सक्कल भौचर बोलकवोल फारामसाथ पेश गर्नु पर्नेछ । व्यक्ति बोलवाला भएको खण्डमा नागरिकताको छविचित्र समेत पेश गर्नु पर्नेछ ।

८. प्राप्त बोलकवोल आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा रहनेछ ।

९. अस्वीकृत बोलपत्रहरुका सम्बन्धमा जम्मा गरेको अर्नेष्टमनी यस सम्बन्धी निर्णय भएको मितिले ७ दिनभित्र बिना ब्याज फिर्ता दिइनेछ ।

१०. अघिल्लो बोलकवोलको (मिति २०६२/३/२०) को विवरण:
(क) ऋणपत्रको नाम : विकास ऋणपत्र २०६७"ग"
(ख) बिक्रीको लागि आव्हान गरिएको रकम : रु.७५.०० करोड
(ग) निष्कासित रकम : रु.७५.०० करोड
(घ) प्राप्त बोलपत्र संख्या : प्रतिस्पर्धी ६३ र अप्रतिस्पर्धी ५
(ङ) माग रकम : (अ) प्रतिस्पर्धी : रु.३२१.५० करोड
(आ) अप्रतिस्पर्धी : रु.११.४६ करोड
(च) कायम हुन आएको बोल मूल्य : अधिकतम १०२.२७६७, न्यूनतम १०१.९९९९ र भारित औसत १०२.०२५९

११. अन्य आवश्यक जानकारीको लागि यस विभागको फोन नं. ४२५७८८०, ४२४८९००-९०४ एक्सटेन्सन १२३, ४२२१७६३ वा ४२४१२७२ मा सम्पर्क राख्नु हुन तथा यस बैंकको वेबसाइड http:// www.nrb.org.np मा हेर्नु हुन अनुरोध छ ।